# कमल गाउँ कार्यपालिकाको कार्यालय
# तोपगाछी, झापा
# १ नं. प्रदेश, नेपाल
# शिलबन्दी दरभाउपत्र आह्ननको सूचना

## प्रथम पटक प्रकाशित मितिः २०७७/०२/२३

यस कार्यालयको आ.व. २०७६/०७७ को तपशील वमोजिमको स्वीकृत कार्यक्रम शीलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकाले सोसँग सम्बन्धित व्यवसायीहरूले निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरू**

१. तपशीलमा उल्लेख भएअनुसार दस्तुर (फिर्ता नहुने गरी) कमल गाउँकार्यपालिका कार्यालयको एन.एन.बी. बैंक केर्खा शाखामा रहेको सञ्चित कोष खाता नं. **०६४००५८१९६४०००११** मा जम्मा गरेको भौचर साथ सम्बन्धित व्यवसायीले व्यवसाय नवीकरण भएको ईजाजत पत्र, आय कर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७५/०७६ को कर चुक्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन **( मिति २०७७/०३/०६ )** गतेका दिन कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राखी दरभाउपत्र खरिद गर्न सकिने छ।

२. खरिद भएको दरभाउपत्र फारमहरू उल्लेख भएका सबै बिबरण रितपूर्वक भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी कामको विवरण, दरभाउपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६ औं दिन **( मिति २०७७/०३/०७ )** गते दिउसो १२:०० बजेसम्म कार्यालयमा दर्ता गर्नुपर्नेछ।

३. दर्ता भएका दरभाउपत्रहरू सोही दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरू र दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन।

४. दरभाउपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ।

५. शिलबन्दी दरभाउपत्र फारमसाथ जमानत बापत तपशीलमा तोकिएको रकम यस कार्यालयको नाममा रहेको धरौटी खाता नं. **०६४००५८१९६४०००८१** मा रकम जम्मा गरी सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट जारी भएको **७५** दिनको मान्य अवधि भएको बैंक जमानत पेश गर्नु पर्ने छ।

६. दरभाउपत्रदाताले दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि **कर बाहेक**को दररेट उल्लेख गर्नु पर्नेछ। दरभाउपत्रमा दर अंक र अक्षर दुवै स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा दरभाउपत्र दाताको सहीछाप भएको हुनु पर्नेछ।

७. यस गाउँपालिकाको हितलाई ध्यानमा राखी कुनै जनाई वा नजनाई पूरा वा आंशिक रुपमा स्वीकृति गर्ने वा नगर्ने अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ।

८. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका दरभाउपत्रहरू मान्य हुने छैन।

९. यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधन सहित) तथा प्रचलित कानुन अनुसार हुनेछ।

१०. दरभाउपत्र स्वीकृत भएपछि परफरमेन्स बण्डवापत दरभाउपत्रदातले कबोल गरेको अंकको नियमानुसार हुने रकम यसै सूचनाको बुँदा नं. ५ मा उल्लेख भएको खातामा नगद नै जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको पक्षमा न्यूनतम कार्यसम्पन्न गर्नु पर्ने अवधिभन्दा कम्तीमा **४५** दिन बढीको म्याद राखी जारी गरेको बैंक जमानत पत्र पेश गर्नुपर्ने छ।

१२. सामानको गुणस्तर **सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६** को अनुसूची १ मा भएको न्यूनतम मापदण्ड वमोजिमको स्पेशिफिकेशन भएको हुनु पर्नेछ साथै स्यानिटरी प्याड नेपाल गुणस्तर प्रमाणपत्र पत्र अनुसार भएको प्रमाण पेश गर्नु पर्नेछ। प्याडको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, **Expired Date** र ब्याच नम्बर लेखिएको हुनु पर्नेछ। प्याडको म्याद कम्तीमा **१८ महिना**सम्मको बाँकी हुनु पर्नछ।

**तपशील**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | ल.ई. (भ्याट बाहेक) | दरभाउपत्र जमानत रकम | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १. | 33/kamal /076/77 | स्यानिटरी प्याड खरिद | १६,५४,९१३.२३ | ४९,०००.०० | १००० |

प्रमुख प्रशासकिय अधिकृत